जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक १७९ • २०८३ बैशाख ७ गते सोमवार • 20 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## जनकपुरधाममा जानकी नवमीको नौ दिने धार्मिक महोत्सव आयोजना

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ६ बैशाख**



मधेश प्रदेशको राजधानी जनकपुरधाममा जानकी नवमीको अवसरमा धार्मिक आस्था, सांस्कृतिक संरक्षण तथा पर्यटन प्रवर्धनलाई लक्षित गर्दै नौदिने धार्मिक महोत्सव आयोजना गरिएको छ । अन्तर्राष्ट्रिय कृष्णभावनामृत सङ्घ नेपाल ( इस्कोन) मन्दिरले जनकपुत्री अर्थात् माता सीताको जन्मोत्सव (जानकी नवमी) को अवसरमा नौ दिवसीय धार्मिक महोत्सवको आयोजना गरेको हो ।

सो अवसरमा वैशाख ५ गते शनिबारदेखि सुरु भएको महोत्सव वैशाख १३ गते जगन्नाथ रथ यात्रापछि समापन हुने छ भने महोत्सव अन्तर्गत दुग्धमति नदी किनारमा अवस्थित इस्कोन मन्दिर परिसरमा श्रीमद्भागवत कथा, जानकी जीको महाभिषेक उत्सव, पूजा-अर्चना, प्रसाद वितरणजस्ता धार्मिक गतिविधिहरू रहेका छन् । इस्कोन जनकपुरधामका अध्यक्ष रामेश्वरम दासले जानकी नवमीको अवसरमा हरेक वर्षझैं यस वर्ष पनि विशेष कार्यक्रम अन्तर्गत कथावाचन, किर्तन, जानकी जीको महाअभिषेक तथा जगन्नाथ रथयात्रा सहितको कार्यक्रमका आयोजना बताउनुभयो ।

उहाँले यस कार्यक्रममा विभिन्न राष्ट्रका पर्यटकहरूको आगमनले जनकपुरधाममा धार्मिक वातावरणको महोल निर्माण हुने अपेक्षा लिएको उल्लेख गर्नुभयो । यस्तै महोत्सव अन्तर्गत ११ गतेसम्म दैनिक दिउँसो २ बजेदेखि साँझ ६ बजेसम्म अनन्त कृष्ण दास गोस्वामी महाराजको विशेष उपस्थितिमा श्रीमद्भागवत कथा वाचन गरिनेछ भने विशेष दिन १२ गते जानकी नवमीको अवसरमा किर्तन, कथा, महाभिषेक तथा सहभागी भक्तजनमा प्रसाद वितरण कार्यक्रम रहेको आयोजक समितिले जनाएको छ ।साथै, सो अवसरमा इस्कोन मन्दिरको शिलान्यास समेत गरिने संस्थाका उपाध्यक्ष रमेशकुमार साह जानकारी दिनुभयो । उहाँका अनुसार मन्दिर निर्माणको प्रारम्भिक चरणमा करिब २५ करोड रुपियाँ लगानी गरिने छ भने दीर्घकालीन रूपमा करिब २ अर्ब रुपियाँ बराबरको परियोजना अघि बढाइने योजना रहेको छ ।

## माझीले पक्की घर पाएपछि खुसी



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ६ बैशाख**

धनुषाको मुखियापट्टी मुसहरनिया गाउँपालिका-२, का ६५ वर्षीय राजेन्द्र माझीले पक्की घर पाएपछि निकै खुसी हुनुहुन्छ। वर्षौंदेखि चुहिने फुसको छाप्रोमा कष्टकर जीवन बिताउँदै आउनुभएका उहाँ अहिले पक्की घरमा ढुक्कले बस्न पाएपछि खुसी हुनुभएको हो ।

उहाँ यसअघि तीन धुर जमिनमा बनेको दुई कोठाको सानो छाप्रोमा दुई छोराबुहारी र पाँच नातिनातिनासँगै बस्दै आउनुभएको थियो । उहाँका अनुसार वर्षामा पानीमा भिजेर बस्नुपर्ने र शीतलहरमा चिसोले कठाङ्गिएर बस्नुपर्ने बाध्यता थियो । उहाँले भन्नुभयो, “यो जुनीमा यति राम्रो पक्की घरमा सुत्न पाउँछु भनेर कल्पना नै गरेको थिइनँ । अब त केवल कमाएर परिवार पाल्नु छ, बस्ने चिन्ता हटेको छ ।”

मान्छेलाई बाँचनका लागि खानासँगै घर पनि चाहिन्छ भन्दै उहाँले आर्थिक अभावका कारण एउटा घरसम्म बनाउन नपाएको भावुक हुँदै सुनाउनुभयो । त्यस्तै, सोही ठाउँकी निरो देवी पनि शौचालय र भान्छासहितको सुरक्षित पक्की घर पाएपछि हर्षित हुनुहुन्छ ।

उहाँले भन्नुभयो, “हामी वर्षौंदेखि फुसकै घरमा थियौं, अहिले शौचालय सहितको पक्की घर पाउँदा सपना जस्तै लागेको छ ।” ह्याविटेट फर ह्युमिनिटी नेपाल र मुखियापट्टी मुसहरनिया गाउँपालिकाको आर्थिक सहयोग तथा रतौली युवा क्लबको प्राविधिक एवं व्यवस्थापकीय सहकार्यमा सुरक्षित आवास सुदृढीकरण परियोजना अन्तर्गत स्थानीय १४ अव्यवस्थित घरपरिवारका लागि घर निर्माण गरिएका छन् ।




GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme



33 Years of Academic Excellence

स्वतन्त्र प्रेस, सबल लोकतन्त्र ।

- अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधार हो,
- स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिताको सम्मान गरौं,
- संचारमाध्यमलाई दबाब, धम्की र हस्तक्षेपबाट मुक्त राखौं,
- सत्य, तथ्य र प्रमाणमा आधारित समाचारलाई प्राथमिकता दिऔं,
- गलत, भ्रमक, कुण्ठित भावना र अफवाहबाट टाढा रहौं,
- पत्रकारहरुको सुरक्षा र पेशागत स्वतन्त्रता सुनिश्चित गरौं,
- सूचना प्राप्त गर्ने जनताको अधिकारको सम्मान गरौं,
- प्रेसमाथि हुने आक्रमण र दमनको विरोध गरौं,
- सञ्चार क्षेत्रलाई पारदर्शी र जवाफदेही बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




# शिक्षकले अपडेट हुन आवश्यक

धेरै शिक्षक विशेषगरी 'डिजिटल आप्रवासी' (डिजिटल इमिग्रयान्स) प्रविधिको पूर्ण उपयोग गर्न संघर्ष गरिरहेको देखिन्छ। जेन-जीका आवश्यकता तथा चाहाना पूरा गर्न शिक्षकहरूमा डिजिटल दक्षता हुनु अत्यन्त आवश्यक रहेको देखिन्छ। अध्ययनहरूले उनीहरूलाई प्रविधिमा दक्ष, सामाजिक रूपमा जडित र प्रेरणाप्रति संवेदनशील पुस्ताका रूपमा चित्रण गरेको देखिन्छ। त्यसैले २१ औं शताब्दीका सिकाइ दृष्टिकोणसँग मेल खाने गरी शिक्षकहरूले आफ्ना शिक्षण पद्धति र कक्षाकोठा भित्रका क्रियाकलापलाई समय अनुसार परिमार्जन गर्न आवश्यक रहेको देखिन्छ। मैले भनेको तैंले मान्नुपर्छ भन्दैमा अहिलेको पुस्ता मान्नेवाला छैन।

त्यसैले उनीहरूलाई सही मार्गमा डोऱ्याउन शिक्षकले प्रविधि र भावना बिचमा तालमेल ल्याउनुपर्ने देखिन्छ। जेन-जीले आफूलाई बढी नै जान्ने, समझदार र बुद्धिमान् ठान्छ। बरु शिक्षक र अभिभावकलाई कुरा नबुझ्ने, एकोहोरो र म्याद गुज्रिएको औषधि जस्तो ठान्छ। यो पुस्ताको समस्या के हो भने यसले मलाई सबै थाहा छ भन्छ। पढ भन्दा मलाई थाहा छ किन पढ्ने भन्छ। लेख भन्दा पनि मलाई थाहा छ किन लेख्ने भन्छ? जाँचमा पास भएर देखाइ दिन्छु। नम्बर ल्याएर देखाइ दिन्छु भनेर कहिलेकाहीँ ज्याद्रोपना देखाउँछ। यसमा त्यस पुस्ताको मात्रै दोष छैन। परिवर्तित हुन नखोज्ने शिक्षक र नम्बरको पछि कुद्ने अभिभावकको पनि दोष रहेको देखिन्छ। यस्तो अवस्थामा कक्षामा जेन-जीलाई सम्हाल्न (ह्यान्डल गर्न) कठिन हुन्छ। तसर्थ, शिक्षक अपडेट तथा प्रशिक्षित हुन आवश्यक रहेको देखिन्छ।

# भारत र नेपालको रोटी-बेटी सम्बन्ध संकटमा पर्न सक्ने संकेत

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ६ बैशाख**

शनिबार दिउँसो साढे ३ बजेतिर टाउकोमा चामलको बोरा बोकेर भारतीय बजार भिठामोडबाट नेपाल छिरेकी महोत्तरी, जलेश्वरकी संगीता यादव त्रसित थिइन्। चामलसहित अन्य केही सामान किन्न सीमा पारि पुगेकी उनले सय रुपैयाँभन्दा बढीको सामानमा भन्सार तिर्नुपर्ने नियम त्यहीँ थाहा पाइन्।

त्यसपछि उनी २० किलोको एक बोरा चामल मात्र लिएर फर्किंदै थिइन्। 'टाढाबाट गाडी भाडा तिरेर बजार पुगेकी थिएँ। त्यहाँ पुगेपछि मात्र भन्सारमा कडाइ गरिएको थाहा पाएँ। त्यसैले एउटै बोरा चामल लिएर फर्किएँ। यसको पनि भन्सार तिर्न लगाउँछन् कि थाहा छैन,' उनले सुनाइन्। केही दिनदेखि सरकारले नेपाल-भारत सीमा नाकामा भन्सार असुलीमा कडाइ गरेको छ। सय रुपैयाँभन्दा माथिको सामान ल्याउँदा अनिवार्य भन्सार तिर्नुपर्ने भन्दै सशस्त्र प्रहरीले नाकाहरूमा माइकिङ गरी सर्वसाधारणलाई जानकारी गराइरहेको छ। भिठामोड नाका: भन्सार महसुल ऐन, २०८१ को दफा १३ को उपदफा (३) को अधिकार प्रयोग गरी सरकारले गत जेठ १५ गतेदेखि नै यात्रुका लागि यो नियम लागू गरेको थियो।



तर, व्यवहारमा कडाइ गरिएको थिएन। पछिल्लो समय गृह मन्त्रालयको निर्देशनमा नाकाहरूमा कडाइ गरिएपछि सीमा क्षेत्रका बासिन्दा चिन्तित भएका छन्। सस्तो सामानको लोभमा सीमावर्ती क्षेत्रका अधिकांश नागरिक भारतीय बजारमा निर्भर छन्। 'नेपाली बजारमै सस्तो पाए भारत किन जानुपर्थ्यो र?' राजकुमार कर्ण: संगीता यादवका अनुसार नेपाली बजारमै सस्तोमा खाद्यान्न पाइने भए आफूजस्ता गरिब भारतीय बजार जानुपर्ने बाध्यता हुने थिएन। 'सरकारले यता केही सुविधा दिएन, उल्टै कडा नियम लगायो। यता सबै महँगो छ, गरिब मान्छे कसरी बाँच्ने?' उनले प्रश्न गरिन्, 'यता पनि सामान सस्तो गरिदिए हुन्थ्यो, अनि मात्र भन्सारमा कडाइ गरोस्।' घरायसी सामान किनेर भिठामोडबाट रिक्सामा फर्किरहेका जलेश्वरका राजकुमार कर्णको सामान सशस्त्र प्रहरीले जलेश्वर भन्सार अगाडि चेकजाँच गऱ्यो। उनी डराएका थिए, तर प्रहरीले यसपटक सम्झाई-बुझाई गरेर छाडिदियो। संगीता यादव: 'प्रहरीले चेकजाँच गरेर अबदेखि यस्तो नगर्नु भन्दै सचेत गरायो,' उनले भने, 'अलि सस्तो हुने भएकाले घरव्यवहारका सामान पारिबाट ल्याउने गरेको थिएँ, अब त गाह्रो हुने देखियो।' भन्सारको कडाइलाई उनले मिश्रित रूपमा लिएका छन्। 'देशको समृद्धिका लागि नियम त ठीकै हो, तर नेपालीको वर्तमान जीवनस्तरका हिसाबले यो कठिन छ। हाम्रो कमाइअनुसार अब खर्च धान्न सक्ने अवस्था रहँदैन,' उनले थपे। सबै नाकाका समस्या उस्तै: महोत्तरीको भिठामोड नाकामा प्रहरीले केही हदसम्म व्यवहारिकता देखाए पनि कडाइको खबर फैलिएसँगै पारि जानेहरूको सङ्ख्या घट्दै गएको छ। सीमामा खटिएका एक सशस्त्र प्रहरी जवानले भने, 'नियम लागेपछि मान्छेहरू सचेत हुँदै गएका छन्, अहिले बजार जान आउनेहरूको चाप कम भएको छ।' महोत्तरी मात्र होइन; धनुषा, सिराहा, सप्तरी, सर्लाही, रौतहट, बारा र पर्साका नाकाहरूमा पनि उस्तै अवस्था छ। सशस्त्र प्रहरीको मधेस प्रदेश कार्यालयका अनुसार मधेस प्रदेशमा नेपाल-भारत सीमा ४६१.८ किलोमिटर फैलिएको छ। यहाँ १० वटा मुख्य, ३९ वटा सहायक र २३९ वटा अन्य गरी कुल २८८ नाकाहरू छन्।

सीमा क्षेत्रमा सशस्त्र प्रहरीका १६८ वटा चेकप्वाइन्ट छन्। खुला सीमाका कारण सहज आउजाउ र व्यापार हुनु सामान्य भए पनि यसले तस्करीलाई समेत प्रश्रय दिएको छ। स्थानीयका अनुसार प्रहरीले चाहेमा तस्करी पूर्ण रूपमा नियन्त्रण गर्न सक्छ। तर, सय रुपैयाँको नियमले सदियौँदेखिको सांस्कृतिक तथा 'रोटी-बेटी' को सम्बन्धमा दरार पैदा गर्ने विश्लेषण हुन थालेको छ। 'सरकारले विवाहै रोकोस' जम्सैद नदाफ: मधेसी र मैथिली समाजमा आफन्तको घर जाँदा उपहार वा कोसेली लैजाने परम्परा छ। यस्तो कडाइले सम्बन्धमा संकट ल्याउने सम्सी गाउँपालिका-६ का जम्सैद नदाफ बताउँछन्।

'विवाहमा माइतीले दिएको उपहार ल्याउँदा-लैजाँदा पनि सास्ती भोग्नुपर्ने देखियो। यो नियममा पुनर्विचार हुनुपर्छ,' उनले सुझाव दिएको छ।

# जगद्गुरु रामभद्राचार्यद्वारा नेपाल समृद्ध र पूर्ण रूपमा आत्मनिर्भर बन्नुपर्नेमा जोड

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ६ बैशाख**

भारतको तुलसी पीठका पीठाधीश्वर जगद्गुरु रामभद्राचार्यले नेपाल समृद्ध र पूर्ण रूपमा आत्मनिर्भर बन्नुपर्नेमा जोड दिएका छन्। जानकी नवमीको अवसरमा जनकपुरधाम आएका उनले नेपाल कुनै पनि देशमा निर्भर हुनु उपयुक्त नभएको बताए।

नेपाल भ्रमणका क्रममा आफूलाई आफ्नै घर आएको जस्तो अनुभूति हुने उल्लेख गर्दै उनले



नेपाल-भारतबीचको सम्बन्धलाई अझ सुदृढ बनाउनुपर्ने धारणा राखे। उनले भारतप्रति नकारात्मक सोच राख्नु उचित नभएको भन्दै पारस्परिक सम्मान र सहकार्य आवश्यक रहेको बताए। समसामयिक राजनीतिक प्रसङ्गमा बोल्दै उनले वालेन्द्र शाहको कार्यशैलीप्रति आलोचना गरे। नेतृत्वमा गाम्भीर्य र राजनीतिक अनुभवको आवश्यकता औंल्याउँदै उनले जिम्मेवार पदमा रहेका व्यक्तिहरूले परिपक्वता देखाउनुपर्ने बताए। त्यसैगरी, उनले नेपालमा हिन्दू धार्मिक मूल्य मान्यताप्रति आकर्षण र सम्मान कायम रहनुपर्ने उल्लेख गरे। पछिल्लो समय बढ्दो धर्मान्तरणप्रति चिन्ता व्यक्त गर्दै उनले धार्मिक पहिचान संरक्षणको आवश्यकता औंल्याए।

राजनीतिक संरचनाको सन्दर्भमा उनले नेपालमा राजसंस्थाको आवश्यकता रहेको धारणा पनि राखे। यद्यपि, यो विषय नेपाली जनताको निर्णयमा निर्भर रहने बताए।

## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: पढाईमा ध्यान दिनुपर्ने
मिथून: लामो यात्राको योग छ
कर्कट: पिछडेको साथी मिल्न
सिंह: अनावश्यक चिन्ता
कन्या: विचार गरेर बोल्नुहोला
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: मनमा पछुतो आउने
धनु: मित्रतामा फाटो आउने
मकर: खानपानमा समस्या आउने
कूम्भ: अनावश्यक खर्चको संभावना
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना)

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# इरानी सर्वोच्च नेता खामेनीको यस्तो चेतावनी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ६ बैशाख**



इरानका सर्वोच्च नेता मोजतबा खामेनीले इरानी नौसेना अमेरिका र इजरायलमाथि 'नयाँ तीतो हार' चखाउन तयार रहेको बताए। शनिबार अप्रिल १८ मा आयोजित इरानी सेना दिवसका अवसरमा एक सन्देश जारी गर्दै उनले 'शत्रुहरू' विरुद्धको लडाइँमा इरानी सेनाले देखाएको साहसको प्रशंसा गरे ।

खामेनीले हालैको ४० दिने युद्धका क्रममा इरानी सेनाले अन्य सशस्त्र बलसँग मिलेर देशको सफल रक्षा गरेको र अमेरिका तथा इजरायलको कमजोरी एवं अपमानलाई विश्वसामु उजागर गरिदिएको दावी गरे ।

सेनाका ड्रोनहरूले अमेरिकी र इजरायली लक्ष्यमा प्रभावकारी प्रहार गरिसकेको उल्लेख गर्दै उनले अब बहादुर नौसेना दुश्मनलाई अर्को पराजयको स्वाद दिन तम्तयार रहेको बताए। गत फेब्रुअरी २८ मा इजरायल र अमेरिकाले तेहरानसहित विभिन्न इरानी सहरहरूमा संयुक्त आक्रमण गरेका थिए, जसमा तत्कालीन सर्वोच्च नेता अली खामेनी, वरिष्ठ सैन्य कमान्डर र कैयौं नागरिकको मृत्यु भएको थियो । त्यसको बदलामा इरानले मध्यपूर्वमा रहेका इजरायली र अमेरिकी सम्पत्तिलाई लक्षित गरी मिसाइल र ड्रोन आक्रमण गरेको थियो ।

हाल इरानले स्ट्रेट अफ हर्मुजमा आफ्नो नियन्त्रण कायम राख्दै इजरायल र अमेरिकासँग सम्बन्धित जहाजहरूलाई सुरक्षित मार्ग प्रयोग गर्नबाट रोक लगाउँदै आएको छ । अप्रिल ८ मा दुई हप्ताका लागि युद्धविराम घोषणा भएपछि पाकिस्तानको राजधानी इस्लामाबादमा इरानी र अमेरिकी प्रतिनिधिहरूबीच शान्ति वार्ता सुरु भएको थियो ।

सीएनएनले अज्ञात इरानी स्रोतलाई उद्धृत गर्दै सोमबार पाकिस्तानमा वार्ताको नयाँ चरण सुरु हुने उल्लेख गरे पनि इरानका उपविदेशमन्त्री सइद खतिबजादेहले भने दोस्रो चरणको वार्ताका लागि अझै कुनै निश्चित मिति तय भइनसकेको जानकारी दिए ।

# विद्युत् महसुल सङ्कलनलाई सहज बनाउन प्राधिकरणले सेवा प्रदायकसँग गऱ्यो प्रस्ताव आह्वान

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ६ बैशाख**



नेपाल विद्युत् प्राधिकरणले विद्युत् महसुल सङ्कलन प्रक्रियालाई थप सहज र सरल बनाउने उद्देश्यले इच्छुक सेवा प्रदायकहरूसँग प्रस्ताव माग गरेको छ। प्राधिकरणले विद्युतीय माध्यमबाट महसुल सङ्कलनको सहजीकरणका लागि नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त भुक्तानी सेवा प्रदायकहरूलाई प्रस्ताव पेस गर्न आग्रह गरेको हो ।

यस प्रक्रियामा सहभागी हुन चाहने संस्थाहरूले संस्था दर्ता, नवीकरण, कर चुक्ता प्रमाणपत्रका साथै पाँच जना प्राविधिक दक्ष जनशक्तिको विवरण र सेवा प्रवाहका लागि आवश्यक सफ्टवेयर तथा उपकरणहरूको विस्तृत जानकारी उपलब्ध गराउनुपर्नेछ ।

प्राधिकरणले ग्राहकहरूको सुविधाका लागि महसुलको परिमाणअनुसार सेवा शुल्कको अधिकतम सीमा पनि निर्धारण गरेको छ। जसअनुसार पाँच सय रुपैयाँसम्म महसुल तिर्ने ग्राहकलाई सेवा प्रदायकले निःशुल्क सेवा दिनुपर्नेछ भने पाँच सय एकदेखि पाँच हजार रुपैयाँसम्मका लागि प्रतिकारोबार अधिकतम पाँच रुपैयाँ मात्र शुल्क लिन पाउनेछन् । त्यसैगरी पाँच हजार एकदेखि १० हजार रुपैयाँसम्मको भुक्तानीमा आठ रुपैयाँ र १० हजार एक रुपैयाँभन्दा माथिको कारोबारमा बढीमा १० रुपैयाँसम्म मात्र सेवा शुल्क लिन पाइने सीमा तोकिएको छ ।

# लखन्देही खोलाको कटान क्षेत्र र बागमती खोलाको उत्खनन् क्षेत्र निरीक्षण

**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, ६ बैशाख**



सर्लाही क्षेत्र नं. ३ का प्रतिनिधि सभा सदस्य नरेन्द्र साह कलवार र जिल्लाका सुरक्षा प्रमुखहरूले आइतबार लखन्देही खोलाको कटान क्षेत्र र बागमती खोलाको उत्खनन क्षेत्रमा निरीक्षण गर्नुभएको छ। प्रतिनिधि सभा सदस्य साह, सर्लाहीका प्रमुख जिल्ला अधिकारी रामुराज कडरियासहितको टोलीले आइतबार बिहान चक्रघट्टा गाउँपालिकास्थित लक्ष्मीपुर सुखचैना र बेल्ही गाउँमा लखन्देही खोला पसेर बर्सेनि कटान गर्ने क्षेत्रको निरीक्षण गर्नुभएको हो ।

उहाँहरूलाई स्थानीय बासिन्दा र चक्रघट्टा गाउँपालिकाका अध्यक्ष कृष्णकुमार यादवले लखन्देही खोलाको बाढी पसेर हरेक साल गर्ने क्षति र तटबन्ध नहुँदा भोग्नुपरेको समस्याबारे जानकारी गराउनुभएको छ। लखन्देही खोलाको कटान क्षेत्रको निरीक्षणपश्चात सांसद, सिडिओसहितले आइतबार मध्यान्ह बरहथवा नगरपालिका-१, हजरियास्थित हरैया भावरी घाटमा भइरहेको अवैध उत्खननको निरीक्षण गर्नुभएको छ । अनेक प्रयास गर्दा पनि सो क्षेत्रमा रौतहट तर्फबाट भइरहेको अवैध उत्खनन रोक्न नसकिएकोबारे स्थानीय वासिन्दा, जनप्रतिनिधि र पालिकाका प्रमुख प्रशासकीय अधिकृत ऋद्धिप्रकाश सिटौलाले प्रतिनिधि सभा सदस्य साह र प्रमुख जिल्ला अधिकारीसहित सुरक्षा अधिकारीहरूलाई अवगत गराउनुभएको छ ।

सो टोलीले आइतबार मध्यान्ह नै बागमती नदीकै खर्साल घाट र कर्मैयास्थित भरत ताल नजिकै भइरहेको उत्खननको समेत निरीक्षण गरेको छ ।

# दोस्रो पटक आमा बन्दैछिन् दीपिका पादुकोण

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ६ बैशाख**



'धुरंधर' अभिनेता रणवीर सिंह दोस्रो पटक बुवा बन्न लागेका छन् । सिंहकी पत्नी अभिनेत्री दीपिका पादुकोणले आइतबार फ्यानहरूसँग खुसीको खबर शेयर गरेकी छिन् ।

उनी दोस्रो पटक गर्भवती भएकी छिन् । दीपिकाले आफ्नी छोरी दुआ मार्फत आफ्नो दोस्रो गर्भावस्थाको खुसीको खबर शेयर गरेकी छिन् । अभिनेत्री दीपिका पादुकोणले आफ्नो इन्स्टाग्राम एकाउन्टमा एउटा पोस्ट शेयर गरेकी छिन् । यसमा दुआले उनको पेटमा छोएको देखाइएको छ । तस्बिरमा रणवीरको अनुहार देखिँदैन । केवल उनका हातहरू देखिएका छन् । दुआको हातमा प्रेगनेन्सी किट छ । दीपिकाले पोष्टको क्याप्शनमा दुई वटा इभिल आई मात्रै राखेकी छिन् । दीपिका पादुकोणको यस पोस्टमा फ्यानहरूले बधाई ओइराइरहेका छन् । यसमा कयौँ सेलिब्रेटीहरूले प्रतिक्रिया दिँदै जोडीलाई बधाई दिएका छन् । परिणीति चोपडा, अनन्या पाण्डे, सामन्था रुथ प्रभु, कियारा आडवाणी, फलक नाज र दानिश पाण्डर लगायतका सेलिब्रेटीहरूले रातो मुटुको इमोजीसहित बधाई भनेका छन् । दीपिका पादुकोण र रणवीर सिंहले २०१८ मा विवाह गरेका हुन् । विवाहको लगभग छ वर्षपछि दम्पतीको पहिलो सन्तानको रुपमा दुआ जन्मिएकी हुन् । दीपिका र रणवीरकी छोरी दुआको जन्म २०२४ को सेप्टेम्बर ८ मा भएको थियो ।

उनीहरू अब आफ्नो दोस्रो सन्तानको प्रतीक्षामा छन् । कामको कुरा गर्दा, दीपिका पादुकोण शाहरुख खानको फिल्म किंगमा देखिनेछिन् । यसबाहेक, उनी अल्लु अर्जुनको फिल्म राकामा पनि महत्त्वपूर्ण भूमिकामा देखिनेछिन् ।

# को बन्ला महिला भलिबल टिमको नयाँ कप्तान ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ६ बैशाख**




नेपाली राष्ट्रिय महिला टिमले ठिक एक महिनापछि घरेलु कोर्टमा काभा महिला भलिबल च्याम्पियनसिप खेल्दैछ । तर नेपाललाई अहिलेसम्म सबैभन्दा धेरै उपलब्धि दिलाउने टिमको नेतृत्व गर्दै सफल कप्तान बनेकी अरुणा शाही अस्ट्रेलिया लागेपछि अहिले नेपाली टिमको कप्तानी कसले गर्ला भन्ने कौतुहलता जागेको छ ।

काभा महिला भलिबलको लागि क्याम्पमा रहेका २० खेलाडीको सूचीमै अरुणा नरहेपछि नेपाली टिमले नयाँ कप्तान पाउने लगभग पक्का पक्की छ । अब घरेलु कोर्टमा नेपाली महिला टोलीको नेतृत्व कसले गर्ला ? यो अहिलेको मुख्य प्रश्न छ । अरुणाले सन् २०१९ देखि नेपाली महिला टिमको कप्तानी सम्हाल्दै नेपाललाई दक्षिण एसिया देखी सेन्ट्रल एसियासम्म ऐतिहासिक उपलब्धि दिलाइन् । उनकै कप्तानीमा नेपालले पहिलो पटक एसियाली खेलकुदमा समेत खेलेको थियो । तर करिब ७ वर्ष नेपाली टोलीको कप्तानी गरेपछि करियरको उत्तरार्धमा रहेकी अरुणा अहिले नेसनल टिमको सेटअपमै छैनन् । पछिल्लो समय नेपाली भलिबल खेलाडीको गन्तव्य पनि अस्ट्रेलिया बन्दै गर्दा अनुभवी खेलाडी विदेशिने क्रम जारी छ । कुनै बेलाका नेपाली टोलीका स्टार सरस्वती चौधरी, प्रतिभा माली जस्ता खेलाडी अहिले अस्ट्रेलियामै छन् । यस्तै पछिल्लो समय राष्ट्रिय टिममा खेल्दै आएका साफिया पुन र कविता भट्टले पनि विदेश नै रोजे । नेपाल भलिबल संघले काभा महिला भलिबलको लागि क्याम्प राख्नुअघि नै अरुणा फेरि अर्को प्रतियोगिताका लागि अस्ट्रेलिया गइन् । यस पटक अरुणाले भलिबल संघलाई कुनै जानकारी नदिई गएको नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्र बहादुर चन्दले एनभीए लिगको पत्रकार सम्मेलन र एनभीए अवार्ड कार्यक्रममा बताएका थिए ।

# 'क्रुड आयल' भन्दा प्रशोधित इन्धनको मूल्य बढी हुन्छ : आयल निगम

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ६ बैशाख**




नेपाल आयल निगमले प्रशोधित पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय मूल्यका आधारमा स्थानीय बजारमा खुद्रा बिक्री मूल्य निर्धारण हुँदै आएको जनाएको छ ।

'क्रुड' आयल (कच्चा तेल) को मूल्यका तुलनामा नेपालमा पेट्रोलियम पदार्थको मूल्य बढी तोकिएको भनी आम उपभोक्तालाई भ्रममा पार्ने प्रयास भइरहेको जनाउँदै निगमले त्यसमा कुनै सत्यता नरहेको स्पष्ट पारेको हो । क्रुड आयलको मूल्यलाई आधार बनाएर नेपालमा इन्धन महँगिएको भन्ने विश्लेषण भ्रामक रहेको निगमले जनाएको छ । नेपालसँग आफ्नै 'रिफाइनरी' नहुँदा कच्चा तेल आयात नगरी सोझै प्रशोधित पेट्रोल र डिजेल आयात गर्नुपर्ने बाध्यता रहेको छ । "क्रुड आयलभन्दा प्रशोधित इन्धनको मूल्य स्वभाविक रूपमा बढी हुन्छ, त्यसैले मूल्य तुलना गर्दा क्रुड होइन, प्रशोधित पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय मूल्य हेर्नुपर्छ", निगमका प्रवक्ता मनोज ठाकुरले भन्नुभयो ।

निगमले इन्डियन आयल कर्पोरेसन (आइओसी) बाट पेट्रोलियम पदार्थ आयात गर्दै आएको छ । आइओसीबाट प्राप्त प्रशोधित पेट्रोल र डिजेलको खरिद मूल्यका आधारमा नेपालमा प्रत्येक १५/१५ दिनमा मूल्य समायोजन हुँदै आएको छ । निगमले उपलब्ध गराएको तथ्याङ्कअनुसार १६ अप्रिल २०२६ मा क्रुड आयलको मूल्य प्रतिब्यारेल ९९.६ अमेरिकी डलर, पेट्रोल १३९.३ डलर र डिजेल २२८.१ डलर थियो । यस अवधिमा सबैभन्दा उच्च मूल्य २ अप्रिल २०२६ मा पुगेको थियो, जहाँ क्रुड आयल ११८.३ डलर, पेट्रोल २६२.० डलर र डिजेल ३३४.४ डलर प्रति ब्यारेल पुगेको देखिन्छ ।

# यिनै अनुहार देखाएर वामले पाउलान् त आम विश्वास ?

-कम्युनिस्ट घटकहरू बीच चलिरहेको एकताको चर्चा शीर्ष नेताहरूको सत्ता लम्ब्याउने हतारो मात्र बन्नुहुँदैन । अबको आवश्यकता पुरानै ढर्राको प्राविधिक मिलन होइन, बरु विश्वव्यापी पूँजीवादी सङ्कटको सामना गर्न सक्ने नयाँ वामपन्थी विकल्पको निर्माण हो । सुशासन र रोजगारीको मुख्य माग रास्वपा र बालेनहरूले तत्कालका लागि खोसिदिएका छन् । धेरैपटक सत्तामा गएर असफल भएका अनुहारहरूले त्यही एजेन्डा बोकेर जाँदैमा अब जनताले पत्याउने सम्भावना क्षीण छ। के ओली र प्रचण्ड या कमरेडहरू झलनाथ, माधव, वामदेव, नारायणकाजी, बादल, ईश्वर पोखरेललगायतको टेस्टेड समूह एक ठाउँमा आएर मिलेको दाबी गर्दैमा जनताले उनीहरूलाई विश्वास गर्लान् ? कवि श्यामलको एउटा कविता छ 'हतारमा यात्रा' शीर्षकको। त्यसो त म उनको उक्त कविताको मूल राजनीतिक सन्देशप्रति असहमत छु, तर जीवनका साना-साना खुसीहरू कहाँ छन् भन्ने आत्मानुभूति दिलाउन उक्त कविता पढ्नु अर्थपूर्ण हुन्छ।

हतारमा यात्रा गर्दा छोराछोरीलाई बिदाइको हात हल्लाउन भुल्न सकिन्छ, पत्नीको म्वाइँ खान (कविले पत्नीहरू पनि यात्रा गर्छन् भन्ने बिर्सेछन् कि जस्तो छ) या भर्खर लिपेको दैलो-ठेलाबाट आइरहेको रातो माटोको बास्ना अनुभव गर्न छुट्न सक्छ, बा-आमाको आशीर्वाद थाप्न भुल्न सकिन्छ। र सबैभन्दा ठूलो कुरा त जाने र पुग्नुपर्ने ठाउँको ठेगाना लेखिएको कागज या गर्नुपर्ने कामको टिपोट नै पनि छुट्न सक्छ। मलाई यो सन्दर्भ सम्झाइदिएको चाहिँ हालै कतिपय अनलाइन पत्रिकाहरूमा या सञ्चारमाध्यममा आएका केही समाचारले हो जसले नेकपा एमाले र नेकपाका बीच एकताको चर्चा गरिरहेका छन् । नेकपा संयोजक प्रचण्डलाई ओलीका दूतले भेटेको, ओलीलाई भेट्न प्रचण्ड आफैँ अस्पतालमा पुगेको, दुवै पक्षका युवा तुर्कहरू संवादमा रहेको जस्ता खबर सञ्जाल र पत्रिकाहरूमा आइरहेका देखेपछि मलाई कमरेडहरू निकै हतारमा छन् कि जस्तो लाग्यो । त्यसो त म नेकपा एमाले, नेकपा र अरू साना-ठुला कम्युनिस्ट घटकहरू विप्लव, घनश्याम, राम कार्की, कमरेड किरण, कमरेड एमबी लगायत सबै समूह-उपसमूहहरू एक होऊन् (यिनलाई सनातन परिभाषामा वामपन्थी घटक भन्न त सकिएला तर कतिपयको वामपन्थप्रति म आशङ्का गर्छु, त्यसैले यहाँ उनीहरूको नामको प्रतिनिधित्व गर्ने गरी कम्युनिस्ट घटक नै भनिनेछ) र मिलेर जाऊन् भन्ने चाहन्छु । यसो गर्नु नेपालमा पछिल्लो समय विकसित राजनीतिमा खुम्चिँदो डेमोक्रेटिक स्पेसका कारणले पनि आवश्यक छ । विद्यमान विभेद, शोषण, अविकास र गरिबी हटाउन आफैँ नेतृत्व गर्ने अवसर पाएर गुमाएको भए पनि राज्यलाई पर्याप्त दबाब दिने शक्ति कम्युनिस्ट पार्टीहरूले आर्जन गर्न सकेनन् भने यस्तो विभेद र वर्गीय शोषण झन् बढेर जान सक्छ। डेमोक्रेसी कमजोर हुने त निश्चित भइसकेको कुरा हालै शिक्षामन्त्री र विश्वविद्यालयका भिसीसमेतको संयुक्त बैठकले गरेको निर्णय भनेर पञ्चायतको दोस्रो दशक सुरु हुँदा झैँ विद्यार्थी युनियनका गतिविधि नियन्त्रण गर्न भएको सहमति सार्वजनिक भएको कुराले देखाइसकेकै छ । राष्ट्रियता कमजोर हुने र भूराजनीतिक घर्षणका कारणले सार्वभौम स्वायत्तताको रक्षा थप चुनौतीपूर्ण बन्न सक्छ । यसैले नेपालका कम्युनिस्ट दल र समूहहरू छिटो-छिटो एकताबद्ध होऊन्, आफूलाई विचार, शैली र नेतृत्वका सबै पक्षमा व्यापक सुधार गरेर जनसमक्ष माफी माग्न जाऊन् । उदारवादको वकालत गर्ने कांग्रेस पनि दरिलो भएर जाओस् भन्ने मेरो शुभेच्छा छ। पाठकहरूलाई खुलै भनिदिऊँ : मेरो शुभेच्छा सर्तहीन छैन । हामीले निकट विगतमा कम्युनिस्टहरूका बीच एकता भएको, विभाजन भएको, तानातान-हानाहान भएको देखेका छौँ। एकता भएको बेला त्यस्तो एकताको लाभ सीमित व्यक्तिहरूलाई सत्ताको म्युजिकल चियरमा भाग लिन मात्र सहयोगी बनेको अनुभव गरेका छौँ । उनीहरूको सार्वजनिक जीवन जनताबाट टाढिएको, उनीहरूले प्राप्त जनमतको उपयोग जसका लागि गर्नुपर्थ्यो त्यसका पक्षमा नगरेर नगर्नुपर्नेको पक्षमा काम गरेको पनि बेहोरेका छौँ ।

एकता आवश्यक रहेको कुरामा सहमत हुँदाहुँदै पनि यस्तो एकता विकल्प हो कि नयाँ वामपन्थी विकल्प (न्यु लेफ्ट अल्टरनेटिभ) अथवा अल्टरनेटिभ लेफ्ट आवश्यक हो भन्ने विषय पनि बहसमा आउनु जरुरी छ।




जनताकै मतले जितेर गएपछि जनतालाई नै हेपेको पनि अनुभूति गरेका छौँ। संविधानको रक्षा गर्ने कसम खाएर संविधानकै हुर्मत लिएको, मार्क्सवाद, जबज र माओवादको रक्षा गर्ने कसम खाएर नेता भएपछि त्यसकै धज्जी उडाएको बेहोरेका छौँ । २०७४ को दसैँ छेकोमा कमरेड ओली र कमरेड प्रचण्डले गरेको मोर्चाबन्दी पछिका अनेक नकारात्मक घटना भोगेका छौँ र उनीहरूको हतारको यात्राले कसरी गन्तव्यको ठेगाना बिर्सेको थियो भन्ने कुराको भुक्तभोगी पनि बनेका छौँ। अब उनीहरू जुन एकताको कुरा गर्दैछन् त्यसअघि उनीहरूले केही प्रश्नको उत्तर दिनुपर्नेछ। यस्तो एकता पछि के हुन्छ ? आम नागरिकलाई यसले के-के राम्रो गर्छ ? देशलाई अघि बढाउन, समाजलाई बेरोजगारी, अभाव र अविकासबाट मुक्त गर्न उनीहरूले एकता गरेपछि के गर्नेछन् ? हिजो लामो समय सत्ता र शक्तिमा रहँदा गर्न नसकेको/नगरेको काम अब उनीहरू सत्तामा गए नै भने पनि गर्छन् भन्ने के विश्वास ? जनता पटक-पटक झुक्किएको अनुभव गरेका हुन् र उनीहरूलाई चुनावमा दण्डित गरेका हुन् भने अब झुक्क्याइने छैन भनेर जनतालाई कसरी आश्वस्त पार्लान् ?

यस्ता जिज्ञासाका कारण मलाई उनीहरू हतार त गर्दै छैनन् भन्ने लागेको हो । र सबैभन्दा ठूलो कुरा कमरेड केपी ओली र कमरेड प्रचण्डले एकताका लागि सहजकर्ताको भूमिका खेलेर तुलनात्मक रूपले युवा अनुहारलाई जिम्मेवारी दिएर सम्मानजनक बिदा लिन्छन् कि एकताका नाममा आफ्नो सत्ताको आयु लम्ब्याउन मात्र यो एकता गर्न लागेका हुन् ? के ओली र प्रचण्ड या कमरेडहरू झलनाथ, माधव, वामदेव, नारायणकाजी, बादल, ईश्वर पोखरेललगायतको टेस्टेड समूह एक ठाउँमा आएर मिलेको दाबी गर्दैमा जनताले उनीहरूलाई विश्वास गर्लान् ? यस्तो एकताले फेरि शक्ति आर्जन गर्ला ? यी प्रश्नका विश्वसनीय उत्तरहरू नदिइकन एकता गरियो भने यस्तो एकताले आफू जाने ठेगाना भुलेको हतारको यात्रीकै रूप लिने निश्चित छ । यो आलेखमा त्यसतर्फ ध्यानाकर्षण गर्न प्रयास गरिनेछ । एकता गर्नुअगाडिः उनीहरूका बीच एकता आवश्यक रहेको कुरामा सहमत हुँदाहुँदै पनि यस्तो एकता विकल्प हो कि नयाँ वामपन्थी विकल्प (न्यु लेफ्ट अल्टरनेटिभ) अथवा अल्टरनेटिभ लेफ्ट आवश्यक हो भन्ने विषय पनि बहसमा आउनु जरुरी छ । हामीलाई वर्तमान राजनीतिको वामपन्थी विकल्प चाहिएको हो, अनेक स्वार्थहरू मिसमास गरिएको बलियो कम्युनिस्ट पार्टी मात्र चाहिएको होइन । यस्तो नयाँ वामपन्थी विकल्प निर्माणमा वर्तमान कम्युनिस्ट पार्टीहरूमा रहेका नेता तथा कार्यकर्ताहरू, तिनका सङ्गठन र सञ्जालहरू सामेल हुन सक्छन्। यस्तो लेफ्ट अल्टरनेटिभले वर्तमान राज्यसत्ताको वर्गचरित्र, यसले प्रतिनिधित्व गर्ने विचारधारा र विश्व व्यवस्थासँग यसको सम्बन्धको नयाँ विकल्प खोज्छ। यस्तो विकल्पको सैद्धान्तिक आधार त मार्क्सवाद नै हुनेछ तर त्यसको नेपाली सन्दर्भको प्रयोग आफ्ना इतिहासका शिक्षाहरूबाट परिष्कृत भएको हुनुपर्नेछ । जस्तो कि नेपालको कम्युनिस्ट आन्दोलनले समय-समयमा अतिवामपन्थी झुकाव राखेर शक्ति केही आर्जन गरेको भए पनि अन्ततः यो उदारवादी व्यवस्थाका लागि सङ्घर्षमा पुगेर बिसाउने गरेको छ । खुला समाजको अभ्यास, प्रतिस्पर्धाको राजनीति, बहुलवादलाई स्वीकार गरेर अघि बढेको समयमा नै यसले पर्याप्त शक्ति आर्जन गर्दै पटक-पटक सरकारमा पुग्ने गरेको छ। २०४७ सालमा एमाले, २०६४ सालमा माओवादी र २०७४ सालमा एमाले-माओवादी गठबन्धनले आर्जन गरेको शक्तिले त्यसलाई प्रमाणित गर्छन् । तर आर्जित शक्तिको प्रयोगका सन्दर्भमा, पार्टीभित्र अभ्यास गरिनुपर्ने लोकतन्त्रका सम्बन्धमा, नेताहरूको जीवनशैली र कार्यशैलीका सन्दर्भमा, सरकारमा रहँदा कुन वर्गको सेवा गर्ने भन्ने सन्दर्भमा, समग्र पार्टी सञ्चालनको पद्धति र नेतृत्व निर्माणको सन्दर्भमा यसले अझै पनि हाम्रो खुला समाजको अभ्यास र उदारवादी राजनीतिक फ्रेमभित्र बसेपछि पालन गर्नुपर्ने विधिलाई अस्वीकार गर्दा अन्तरविरोधहरू उत्पन्न भएका छन् । घोषित विचारधारा र अभ्यासका बीच रहेको दुरीले यी दल र यसको नेतृत्वलाई जनताबाट अलगथलग बनाइदिएको छ । चुनावदेखि चुनावसम्म, कुर्सीदेखि कुर्सीसम्मको गोलचक्करमा फस्दा सम्पूर्ण पार्टी संयन्त्र बिचौलियाहरूको सङ्गठनमा रूपान्तरित भएको छ।

नयाँ जनवादी क्रान्तिको चरण पूरा भएपछि समाजवादी क्रान्तिको तयारी गर्ने भन्ने शास्त्रीय कम्युनिस्ट विचारधारालाई मान्दा पनि नेकपा एमाले र माओवादीले त्यसको मूल मर्मलाई आत्मसात् गर्न सकेको देखिन्न । समाजवादी व्यवस्थामा जाने मान्यता राख्ने हो भने त्यसका कार्यनीति र रणनीति के हुन्, त्यसको प्राप्तिका लागि निर्णायक शक्ति कुन हो, को-को मित्र शक्ति हुन्, को-कोसँग एकता र को-कोसँग प्रतिस्पर्धा गर्नुपर्ने हो, अहिले सत्तामा जान पाएको अवस्थामा के-कस्ता कार्यक्रम लागु गर्दा बहुमत जनताको विश्वास र समर्थन आर्जन गर्न सकिन्छ ?

**सांभार : अनलाईन खबर ।**


# श्री शिव विनायक मन्दिर स्थापनार्थ आज कलश यात्रा




**ओपि साह**
**जनकपुरधाम, ६ बैशाख**

जनकपुरधाम-८ गोरधोई पोखरी क्षेत्रमा निर्माण सम्पन्न भएको श्री शिव-विनायक मन्दिरको स्थापनार्थ आज भव्य कलश यात्रा आयोजना गरिएको छ।

धार्मिक आस्था र परम्पराअनुसार आयोजित उक्त कलश यात्रामा स्थानीय श्रद्धालु, महिला तथा युवाहरूको उल्लेख्य सहभागिता रहेको छ । आयोजक समाजसेवी रोशन साहका अनुसार मन्दिर को औपचारिक स्थापना आज कलश यात्रा सम्पन भएको र भोलि प्राण प्रतिष्ठा कार्यक्रम सम्पन्न गरिनेछ। उनले धार्मिक स्थलको संरक्षण तथा समाजमा सकारात्मक सन्देश फैलाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए। उक्त कार्यक्रम गोरधोई सर संरक्षण समितिको आयोजना तथा राजर्षि नगर टोल सुधार समितिको सहकार्यमा सञ्चालन भइरहेको छ। आयोजकका अनुसार यसले क्षेत्रको धार्मिक पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ। युवा सरसफाइ अभियानी पुष्प राज कुंवर, समाजसेवी बजरङ्ग यादव, स्थानिय सुरेन्द्र रविदास लगायतका सहभागिता रहेका थिए।




प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday